# पाठ ६

# हाम्रा व्यक्तिगत सम्पत्तिलाई उपयोग गर्नु

अहिलेसम्म हामीले हाम्रो अस्तित्वका तत्त्वहरू–मन, इच्छा, भावनाहरू र शरीरका प्रबन्धका बारेमा अध्ययन गर्‍यौं । अब हामी परमेश्वरले हाम्रा जिम्मामा राखिदिनुभएका दुइ अति व्यक्तिगत सम्पत्तिको प्रबन्धलाई अध्ययन गर्नेछौं : समय र खूबीहरू । अति विशेष अर्थमा तिनीहरू व्यक्तिगत छन्, किनकि तिनीहरू हामीसँग घनिष्ठ रूपमा सम्बन्धित छन् । समय र खूबीहरू विना कुनै व्यक्ति पनि अस्तित्वमा रहन सक्दैन भन्ने कुरा वास्तविक तथ्य हो ।

परमेश्वरका कारिन्दाका हैसियतले, उहाँले तपाईंलाई दिनुभएका सम्पत्तिलाई तपाईंले उत्तम किसिमले प्रयोग गर्नु आवश्यक छ । यस विषयमा तपाईंलाई शिक्षा दिने उद्देश्यले यो पाठ तयार गरिएको हो । तपाईंको समयको कसरी सदुपयोग गर्ने भन्ने विषयमा पहिलो भागले तपाईंलाई केही धारणाहरू प्रदान गर्छ; परमेश्वरको महिमाको निम्ति तपाईंका खूबीहरूलाई तपाईंले कसरी पत्ता लगाउने, विकास गर्ने र प्रयोग गर्ने भन्ने सम्बन्धमा दोस्रो भागले तपाईंलाई सिकाउनेछ ।

**पाठको रूपरेखा**

तपाईंको समयलाई सदुपयोग गर्नुहोस्





समयका बारेमा केही विचारहरू

तपाईंको समयलाई संगठित पार्नु

तपाईंका खुबीहरूलाई लगानी गर्नुहोस्

खूबीहरूका बारेमा केही विचारहरू

तपाईंका लुकेका खूबीहरूलाई पत्ता लगाउनु

तपाईंका खूबीहरूलाई विकास गर्नु

तपाईंका खूबीहरूलाई अर्पण गर्नु

## पाठका उद्देश्यहरू

यस पाठको अध्ययनपछि तपाईंले :

तपाईंका खूबीहरूलाई पत्ता लगाउन र विकास गर्न तपाईंलाई सहयोग पुऱ्याउने कदमहरूको सूची बनाउन सक्नुपर्नेछ।

परमेश्वरले तपाईंलाई दिनुभएका समय र खूबीहरूको व्यक्तिगत सम्पत्तिप्रति कृतज्ञ भई तिनीहरूलाई परमेश्वरमा अर्पण गर्न सक्नुपर्नेछ।

## सिक्ने क्रियाकलापहरू

१. यस पाठले तपाईंको जीवनलाई परिवर्तन गर्न सक्छ! प्रभुको निम्ति तपाईंले प्रयोग गर्न सक्नुहुने लुकेको क्षमता वा खूबीलाई पत्ता लगाउन यसले

तपाईंलाई सहयोग गर्न सक्छ । यसलाई ध्यानपूर्वक अध्ययन गर्नुहोस् । दिइएको प्रत्येक बाइबल पदलाई भेट्टाउनुहोस् र पढ्नुहोस् ।

२. अध्ययन प्रश्नहरूका उत्तर दिनुहोस् र तपाईंका उत्तरहरूलाई जाँच्नुहोस् । तपाईंलाई निर्देशन दिइएपछि, तपाईंको अभ्यास-पुस्तिकामा अध्ययन प्रश्नको निम्ति तपाईंको उत्तर लेख्नुहोस् । यसलाई सक्नुभएपछि यस पाठलाई फेरि समीक्षा गर्नुहोस्, तब स्वयम्-जाँचलाई पूरा गरी तपाईंका उत्तरहरूलाई जाँच्नुहोस् ।

३. एकाइ २ (पाठ ३-६) लाई समीक्षा गर्नुहोस्, तब एकाइ २ को निम्ति विद्यार्थी प्रतिवेदन उत्तर पृष्ठलाई भर्नुहोस् र तपाईंका ग्लोबल युनिभर्सिटी निर्देशककहाँ फर्काउनुहोस् ।

## मुख्य शब्दहरू

| | |
|---|---|
| भेटघाट | समय-तालिका |
| वर्ग | खूबी |
| निरन्तरीय | विधि |

## पाठ विकास

## तपाईंको समयलाई सदुपयोग गर्नुहोस्

### समयका बारेमा केही विचारहरू

उद्देश्य १. *समयका गुणहरूका विवरणहरू र उसको समयको निम्ति मानिसको जिम्मेवारीको स्वभावलाई पहिचान गर्नुहोस् ।*

*समयका अनौठा गुणहरू*

समय अति नै अनौठो थोक हो । यो सडक जस्तै हो, तर केही भिन्नताहरूका साथ । हामी सडकमा अगाडि वा पछाडि जानसक्छौं, तर समयमाचाहिँ हामी अगाडि मात्र जान सक्छौं । हामी जहिले पनि भविष्यतर्फ अगाडि बढिरहेका हुन्छौं; हामी कहिल्यै पनि विगतमा फर्कन सक्दैनौं । बाल्यकालमा हामी हुर्केको शहरमा

हामी फर्केर जानसक्छौं तर हामी केटाकेटी बन्न सक्दैनौं ! हामी बाटोमा केही बेर रोकिन सक्छौं, तर हामी समयमा रोकिन सक्दैनौं । तपाईं जवान नै भएर रहन सक्नुहुन्न; तपाईं वृद्ध उमेर ... मृत्यु ... अनन्ततातर्फ अगाडि बढ्दै जानुहुन्छ ।




समय अति नै मूल्यवान् सम्पत्ति हो । तर अरू सम्पत्तिहरूको विपरीतमा, हामी अरू कसैबाट बढी समय किन्न सक्दैनौं र हाम्रो समय पनि अरूहरूलाई बेच्न सक्दैनौं । केही वर्ष बढी बाँच्नका लागि कति धेरै मानिसहरू भाग्य किन्नका लागि इच्छुक हुने थिए होलान ! पछि प्रयोग गर्नका लागि भनेर हामी समयलाई सञ्चय गरेर राख्न सक्दैनौं; यदि हामीले अहिले नै यसको सदुपयोग गरेनौं भने, हामी यसलाई गुमाउँछौं ।

केही हदसम्म समय सापेक्षिक हुन्छ जस्तो देखिन्छ। प्राध्यापकको निम्ति भन्दा विद्यार्थीको निम्ति यो लामो हुन्छ। प्रचारकको निम्ति भन्दा मण्डलीको निम्ति पनि यो लामो हुन्छ।

*हाम्रो जीवनसमय*

हिजकियाको अनुभवले देखाएझैं (२ राजा २०:१-६), हाम्रो पृथ्वीको जीवनमा हामी कति समय जिउँछौं भन्ने कुरा परमेश्वरले नै निर्धारण गर्नुहुन्छ । यसरी उहाँ नै हाम्रो समयका मालिक हुनुहुन्छ । उहाँले हामी हरेकलाई हाम्रो समय दिनुहुन्छ । अनि परमेश्वरको निम्ति आफूसँग समय छैन भनी कोही मानिसहरूले भनेको कुरा अनौठो सुनिन्छ ।

प्रत्येक मानव प्राणीले आफ्नो समय कसरी प्रयोग गर्छ भन्ने कुराको निम्ति ऊ परमेश्वरप्रति जिम्मेवार हुन्छ । प्रभुप्रतिको धेरै वर्षको सेवाको जीवन र एक व्यक्तिको मृत्युभन्दा पहिले परमेश्वरलाई दिइएको केही घण्टा उही होइन । पावल (२ तिमोथी ४:६-८) र पश्चात्ताप गर्ने अपराधी (लूका २३:४१-४३) का बीचमा

तुलना नै गर्न सकिँदैन । ती दुवैले उद्धार पाए; तर पहिलोले आफ्नो जीवनकालका सबैभन्दा उत्तम वर्षहरू परमेश्वरलाई दिए र अन्तिमले चाहिँ बाँकी रहेको समय मात्र । अनि परमेश्वर सधैंभरि पहिलो र उत्तम कुराको योग्य हुनुहुन्छ !

परमेश्वरले उहाँका आज्ञा पालन गर्नेहरूलाई दीर्घायुको प्रतिज्ञा गर्नुभएको छ (प्रस्थान २०:१२;२३:२६; व्यवस्था ३०:२०; भजनसंग्रह ९१:१६; हितोपदेश ४:१०) । तर त्यसको विपरीत, उहाँले दुष्टको जीवनलाई छोटो पार्नुहुन्छ (१ शमूएल २:३१-३३; हितोपदेश १०:२७) ।

१. आफ्नो समयको निम्ति मानिसको जिम्मेवारीको स्वभावलाई कुन बयानले उत्तम किसिमले वर्णन गर्छ ?

क. अन्त्यमा एक व्यक्ति स्वर्ग पुग्न सक्यो भने, उसले वास्तवमा आफ्नो समय कसरी प्रयोग गऱ्यो भन्ने कुरा त्यति महत्त्वपूर्ण हुँदैन ।

ख. एक व्यक्तिको समय परमेश्वरद्वारा उसलाई दिइएको हुनाले, उसले यसलाई कसरी प्रयोग गऱ्यो भन्ने कुराको हिसाब उसले परमेश्वरलाई दिनुपर्छ ।

ग. एक व्यक्तिले समय सञ्चय गर्न नसक्ने वा समय बढाउन नसक्ने हुनाले, समयलाई कसरी प्रयोग गर्ने भन्ने सम्बन्धमा उसले फिक्री गर्नु पर्दैन ।

२. समयलाई कसरी वर्णन गर्न सकिन्छ ?

क. एउटा सडक, जहाँ अगाडि वा पछाडि जान सकिन्छ ।

ख. बहुमूल्य सम्पत्ति जसका मालिकहरू हामी हौं ।

ग. एउटा सम्पत्ति जसको प्रबन्ध गर्नका लागि परमेश्वरले हामीलाई अनुमति दिनुहुन्छ ।

## तपाईंको समयलाई संगठित पार्नु

उद्देश्य २. *आफ्नो समय प्रयोग गरेर समस्याहरू समाधान गर्नका लागि एक व्यक्तिलाई सहयोग पुऱ्याउने रणनीतिलाई पहिचान गर्नुहोस् ।*

उद्देश्य ३. *पाठमा दिइएका उदाहरणहरूलाई पछ्याउँदै, तपाईंका जिम्मेवारीहरू, तपाईंका हप्ते भेटहरू, दैनिक समय-तालिका र गर्नुपर्ने कामहरूको सूचीलाई लेख्नुहोस् ।*

तपाईंको जीवन समयलाई परमेश्वरले तपाईंका हातमा एउटा नासोको रूपमा राखिदिनुभएको कुरा अब तपाईंले बुझ्नु भएको हुनाले, तपाईंले गर्न सक्नुहुने अति तार्किक कुराचाहिँ उहाँका शिक्षाअनुसार यसलाई प्रयोग गर्नु हो ( एफिसी ५:१६; कलस्सी ४:५) । यसो गर्नका लागि, तपाईंले आफ्नो समयलाई संगठित गर्नैपर्छ । तपाईंले काममा प्रयोग गर्नुहुने समयलाई लिइसकिएको हुनाले, हामीले प्रयोग गर्ने संगठनचाहिँ तपाईंले छान्नुभएअनुसार प्रयोग गर्न सकिने समय मात्र हो । यहाँ केही सुझावहरू छन्:

*तपाईंका जिम्मेवारीहरूको सूची बनाउनुहोस्*

पाठ २ र लगानीका तीन वर्गहरूलाई के तपाईं सम्झना गर्नुहुन्छ : परमेश्वर, अरूहरू र हामी आफै ? अनि लक्ष्यहरूका रणनीति, प्राथमिकताहरू, र पाठहरूका योजनाहरू ? तपाईंका विभिन्न जिम्मेवारीहरूका निम्ति तपाईंको समयको केही भाग छुट्ट्याउनको लागि अब तपाईं यिनीहरूलाई प्रयोग गर्न सक्नुहुन्छ ।

१. *परमेश्वरको निम्ति समय ।* यो हाम्रो मुख्य जिम्मेवारी र पहिलो प्राथमिकता हो । हाम्रो समयको सातौं भाग विशेष गरी परमेश्वरका निम्ति अर्पण हुनुपर्छ भनी उहाँले स्थापित गर्नुभएको छ (प्रस्थान २०:९-१०) । व्यक्तिगत भक्तिको निम्ति पनि हामीले हाम्रो समयलाई अर्पण गर्नुपर्ने आवश्यकता त्यहाँ छ । मर्कूस १:३५ मा येशूको उदाहरणलाई ध्यान दिनुहोस् । प्रार्थना र परमेश्वरको वचन अध्ययन गरेर उहाँसँग एकलै रहनका लागि हामीले समय छुट्ट्याउन आवश्यक छ । यदि हामीले यो गरेनौं वा यसो गर्नलाई रोक्यौं भने, हामी परमेश्वरप्रति ऋणी हुन्छौं । अनि हामीले यो उहाँलाई फर्काएर तिर्नुपर्छ । हामीले तिर्नु पर्दैन त – तपाईं के विचार गर्नुहुन्छ ?

३. मर्कूस १:३५ मा देखाइएको ख्रीष्टको उदाहरणलाई कुन विशेष तरीकामा तपाईं आफ्नो जीवनमा प्रयोग गर्न सक्नुहुन्छ ?

.....................................................................................................

२. *अरूहरूका निम्ति समय ।* सर्वप्रथम, यदि हामी विवाहित छौं भने, हामीले बाँडचूँड गर्ने चासोका बारेमा हाम्री पत्नी वा हाम्रा पतिसँग कुरा गर्नका लागि हामीले समय छुट्ट्याउनु आवश्यक पर्छ । हामी एउटै शरीर हौं (उत्पत्ति

२:२४) । हामी दुवैलाई एक अर्काको खाँचो पर्छ । एउटै छानामुनि पनि दुइ जना व्यक्तिहरू कहिलेकहीं बिरानू भएर जिउन सक्ने सम्भावना हुन्छ । एक अर्काको निम्ति समय नछुट्ट्याउनु नै पछि विवाह-विच्छेदतर्फ लैजाने पहिलो कदम हुनसक्छ । दोस्रो ठाउँमा, हामीले हाम्रा छोराछोरीहरूका निम्ति समय छुट्ट्याउनु आवश्यक पर्छ । तिनीहरूका आफ्नै आवश्यकता र समस्याहरू हुन्छन् र यस अवधिमा हामी यी विषयमा पत्ता लगाउन सक्छौं र समाधान खोज्न सक्छौं । यस समयमा हामी तिनीहरूलाई परामर्श दिन सक्छौं र हामी तिनीहरूमा चासो राख्छौं भन्ने कुरा तिनीहरूलाई अवगत गराउन सक्छौं ।

तब, विश्वासमा भएका हाम्रा दाजुभाइहरू र दिदीबहिनीहरूको निम्ति पनि समय आउँछ । एकैसाथ प्रभुलाई आराधना गर्ने र बाइबल अध्ययन गर्ने समय । हाम्रो संगतिलाई निर्माण गर्ने समय । अरू विश्वासीहरूसँग न्यानो मित्रता स्थापित गर्ने समय ।

अनि अन्त्यमा, अरू मानिसहरूका निम्ति पनि हामीले समय छुट्ट्याउनु आवश्यक पर्छ । यस समयमा हामीले प्रभुको कामको निम्ति आफूलाई अर्पण गरेका हुन्छौं । यस समयमा हामी साक्षी दिन्छौं, प्रचार गर्छौं, सिकाउँछौं वा परामर्श  दिन्छौं । यस समयमा हामी अरूहरूका लागि भलाई गर्न सक्छौं ।

३. *तपाईं आफ्नै निम्ति समय ।* यो स्वार्थीजस्तो देखिन्छ, के देखिंदैन र ? तर हरेकले विश्राम, मनोरञ्जन, वा मनन- र योजनाहरू बनाउनको निम्ति समय छुट्ट्याउनु आवश्यक पर्छ ! यसरी प्रभुलाई सेवा गर्नका लागि हामी उत्तम स्थानमा हुन्छौं ।

४. तलको नमूनामा तपाईंले देख्नुभएझैं तपाईंको अभ्यास-पुस्तिकामा एउटा पृष्ठलाई तीन खण्डमा विभाजन गर्नुहोस्: परमेश्वरको निम्ति, अरूहरूका निम्ति र आफ्नै निम्ति समय । प्रत्येक खण्डमा, तपाईंका जिम्मेवारीहरूको स्पष्ट सूची बनाउनुहोस् ।

| **परमेश्वरको निम्ति समय** | **अरूहरूका निम्ति समय** | **आफ्नै निम्ति समय** |
|---|---|---|
| | | |
| | | |
| | | |

*भेटघाट पुस्तिका प्रयोग गर्नुहोस्*

तपाईंले आफ्ना जिम्मेवारीहरूको सूची बनाउनुभएपछि, तपाईंले तिनीहरूलाई भेटघाट पुस्तिकामा लेख्नुपर्छ। भेटघाट पुस्तिका भनेको दैनिक भेटघाटका कुराहरूलाई लेख्ने सानो पुस्तिका हो। एक व्यक्तिको मुख्य भेटघाटलाई लेख्ने साधारण पुस्तिकादेखि लिएर आधा-आधा घण्टाका कुराहरूको सूची बनाउने विस्तृत पुस्तिकाहरू पनि त्यहाँ हुन्छन्। साधारण भेटघाटको विवरण राख्ने पुस्तक त्यति महँगो हुँदैन, र खीष्टियान सेवकका निम्ति यस्तो खालको पुस्तक नै उपयुक्त हुन्छ।

तलको उदाहरण स्वयम्-कामदार विश्वासीको निम्ति एक हो:

| **जेठ** | **जेठ** |
|---|---|
| सोमबार<br>*८:०० साँझ मेरी पत्नीसँग आधाघण्टा कुराकानी*<br>*८:३० साँझ जोहनसँग भेटघाट। उनी बिरामी छन्* | बिहीबार<br>*२:०० दिउसो अस्पतालमा बिरामीहरूलाई भेट्नु*<br>*७:०० साँझ मेरो जेठो छोरासँग कुराकानी* |
| मङ्गलबार<br>*१०:०० बिहान बिजुलीको पैसा तिर्ने* | शुक्रबार<br>*८:०० साँझ मण्डलीमा गीत अगुवाइ गर्नु*<br>*२:०० दिउसो नयाँ मानिसहरूलाई शनिवारको संगतिका लागि निमन्त्रणा दिन जानु* |
| बुधबार<br>*८:०० साँझ मण्डलीमा जानु* | शनिबार<br>*९:०० बिहान जवान बाइबल अध्ययनमा*<br>*१०:०० बजे मण्डली संगति* |
| | आइतबार<br>*८:०० बिहान मण्डलीमा प्रार्थनामा जानु* |

खीष्टियान सेवकको निम्ति भेटघाट पुस्तिका राख्नाले के के फाइदाहरू हुन्छन् ? भनी तपाईंले प्रश्न गर्नुहोला। त्यहाँ तीनवटा फाइदाहरु छन् भनी म भन्न सक्छु :

१. तपाईंले धेरै ठाउँमा भेट गर्नु पर्ने भएमा तपाईंले बिर्सनु हुन्न । (मैले भेटघाट पुस्तिका शुरु गर्नुभन्दा पहिले, एकपल्ट मैले कुनै मण्डलीमा प्रचार गर्नुपर्ने कुरालाई पनि बिर्सें !)

२. कुनै उद्देश्यको निम्ति तपाईंले समय छुट्टयाउनु भएको छ भने, त्यही बेलामा अरूलाई समय नदिनका लागि यसले तपाईंलाई मद्दत गर्नेछ ।

३. पहिले नै राम्रोसँग तपाईंको समयको योजना गर्नका लागि यसले तपाईंलाई मद्दत गर्नेछ ।

तपाईंको भेटघाटलाई याद गर्नका लागि हरेक दिन तपाईंले भेटघाट पुस्तिकालाई हेर्नु आवश्यक पर्छ। तपाईंले त्यो कार्य पूरा गर्नु भएपछि, त्यो लेखिएको ठाउँलाई कलमले काट्न सक्नुहुन्छ। कुनचाहिँ भेटघाटलाई अझै पूरा गर्नुपर्छ भनी जान्न यसले तपाईंलाई मदत गर्छ र यसरी आवश्यक पऱ्यो भने अर्को बेलाको लागि पनि तपाईंले यसलाई सार्न सक्नुहुन्छ ।

५. दिन र समय दिएर अर्को हप्ताको तपाईंको भेटघाटलाई तपाईंको अभ्यास-पुस्तिकामा लेख्नुहोस् । पाठमा दिइएको उदाहरणलाई पछ्याउनुहोस् ।

*समय-तालिका बनाउनुहोस् ।*




नित्यकर्मका रूपमा तपाईंले गर्नुहुने कामहरूलाई तपाईंको भेटघाटको विवरण राख्ने पुस्तकमा लेखिरहन अनावश्यक जस्तो तपाईंलाई लाग्छ होला: प्रार्थना गर्नु, मण्डलीमा जानु, काममा जानु इत्यादि । यस्तो अवस्थामा, खास दिनको निम्ति समय-तालिका तयार पार्नु तपाईंको निम्ति सहयोगपूर्ण हुनसक्छ। प्रत्येक दिन खास समयमा तपाईंले गर्नुपर्ने कुराहरूलाई स्मरण गर्न यस समय-तालिकाले तपाईंलाई सहयोग पुऱ्याउनेछ। तपाईंका केही समयहरू विशेष उद्देश्यका लागि छुट्टयाइएका छन् भनी अरूहरूले बुझ्नका लागि पनि तपाईंको समय-तालिकाले मद्दत गर्नेछ। उदाहरणको लागि, तपाईं काममा निस्कनु हुने बेलामा तपाईंलाई

भेट्नका लागि कोही पनि आउँदैनन् । तर तपाईं मण्डलीमा जानका लागि तयार हुनुहुँदा कहिलेकहीं तपाईंका मित्र वा आफन्तहरू तपाईंलाई भेट्नका लागि आउँछन् ।

तल प्रस्तावित समय तालिकाहरू काम गर्ने विश्वासी वा ख्रीष्टियान गृह-पत्नीका निम्ति हो । तपाईंको देशको चालचलन वा तपाईंका आफ्नै आवश्यकतामा मिल्ने किसिमले तपाईं यसलाई परिवर्तन गर्न सक्नुहुन्छ ।

| कामदारका निम्ति समय-तालिका | गृहपत्नीका निम्ति समय-तालिका |
|---|---|
| ६:०० उठ्नु | ६:०० उठ्नु |
| ६:३० प्रार्थना | ६:३० प्रार्थना |
| ७:३० खाजा | ७:०० खाजा तयारी |
| ८:०० काममा जानु | ७:३० खाजा |
| ९:०० काम | ८:०० केटाकेटीहरूसँग प्रार्थना, विद्यालय पठाउनु |
| १३:०० खाना | ८:१५ बाइबल अध्ययन |
| १४:०० काम | ८:३० घरको काम र किनमेल |
| १७:०० घर फर्कनु | १३:०० खाना |
| १७:४५ नुहाउनु | १३:३० सफा-सुग्घर |
| १८:१५ खाना | १४:०० केटाकेटीसँग समय बिताउने, भेटघाट |
| १८:४५ फुर्सद | १७:०० खाना तयारी |
| १९:०० मण्डलीमा जानु | १८:०० नुहाउनु |
| २१:३० घरमा फर्कनु | १८:१५ खाना |
| २२:०० प्रार्थना र विश्राम | १८:४५ सफा सुग्घर |
| | १९:०० मण्डलीमा जानु |
| | २१:३० घरमा फर्कनु |
| | २२:०० प्रार्थना र विश्राम |

६. तपाईंको दैनिक समय-तालिकालाई आफ्नो अभ्यास-पुस्तिकामा लेख्नुहोस् । तपाईंलाई केही विचारहरू दिन पाठमा प्रयोग गरिएको उदाहरणलाई प्रयोग

गर्नुहोस् । तपाईंको प्रत्येक जिम्मेवारीको निम्ति समय छुट्ट्याउन तपाईंलाई मद्दत पुऱ्याउनका लागि अध्ययन प्रश्न ४ मा तपाईंले बनाउनुभएको सूचीलाई प्रयोग गर्नुहोस् ।

*गर्नुपर्ने कामहरूको सूची बनाउनुहोस्*

अर्को दिनमा हामी के गर्न जाँदैछौं भनी प्रत्येक दिन योजना बनाउनाले समयको सदुपयोग गर्न हामीलाई मदत पुग्छ। यो तरीका स्व-कामदार, पूर्ण-समय ख्रीष्टियान सेवक वा गृह-पत्नीजस्ता व्यक्तिहरूका लागि विशेष गरी सहयोगपूर्ण हुन्छ। यसो गर्नका लागि अर्को दिनमा तपाईंले गर्नुपर्ने सम्पूर्ण थोकहरूलाई तपाईंले लेख्नुपर्ने हुन्छ। कतिपय व्यक्तिहरूले साधारण सूची मात्र बनाउँछन्; तर यदि त्यहाँ गर्नुपर्ने अरू धेरै कुराहरू छन् भने, अरूहरूले चाहिँ तिनीहरूलाई विभिन्न वर्गमा छुट्ट्याउन मन पराउँछन्। वर्गहरूद्वारा विभाजित गरिएको सूचीको उदाहरण यहाँ छ :

| | |
|---|---|
| लेख्नुपर्ने:<br>पास्टर एन.पी.<br>अध्यक्ष<br>मेरी आमा | भेट्नुपर्ने:<br>भाइ के.पी.<br>श्री लोक बहादुर<br>थापा परिवार |
| किन्नुपर्ने:<br>३ वटा चिमहरू<br>हुलाक टिकट | तिर्नुपर्ने:<br>बिजुलीको बिल<br>बाल संगति पुस्तकका बिल |

गर्नुपर्ने कामहरूको सूची राख्नाले ठीक समयमा ती कुराहरू गर्न मद्दत पुग्छ। चिट्ठीको उत्तर दिनका लागि धेरै लामो समयसम्म पर्खेर किन क्षमा मागिरहनु पर्ने ? वा रोगी व्यक्तिलाई निको भइसकेपछि मात्र किन भेट्न जाने ? वा कुनै बिल तिर्नका लागि अन्तिम दिनसम्म किन पर्खने ? त्यसै गर्ने मानिसहरूका पङ्क्तिमा लामो समयसम्म किन पर्खनका लागि मौका दिने ? यसका अतिरिक्त, वर्गीकरण गरी बनाइएको सूचीले केही महत्त्वपूर्ण कुरा नबिर्सन तपाईंलाई मद्दत गर्न र यस्तै किसिमका अन्य कुराहरू पनि गर्न तपाईं सक्नुहुन्छ। तपाईंले खसाल्न भुल्नुभएको चिट्ठी वा केही कुरा किन्न भुल्नुभएको कारण फेरि तपाईं बजारसम्म

जानुपर्ने किन गर्नु ? गर्नुपर्ने कामको सूची पहिले नै तयार भयो भने समयको धेरै बचत गर्न सकिन्छ ।

७. तपाईंको अभ्यास-पुस्तिकामा वा कागजको टुक्रामा तपाईंले गर्नुहुने कामहरूको सूची बनाउनुहोस् । उही समयमा तपाईंले गर्न सक्नुहुने दुइ वा तीन कुराहरू के तपाईंसँग छन् ? यदि त्यसो हो भने, पाठमा दिएको उदाहरणलाई पछ्याई तिनीहरूलाई एकसाथ राख्नुहोस् ।

८. बाइबल अध्ययनको निम्ति आफ्नो साथीसँग भेट्ने बन्दोबस्त मिलाएको समयमा नै आफ्नो छोरालाई बाहिर घुमाउन लैजाने प्रतिज्ञा गरेको कुरा जिमले भेट्टाए । भविष्यमा यस्तो समस्याबाट जोगिन जिमले के गर्नुपर्ला ?

क. दैनिक समय-तालिका बनाउनुपर्छ ।

ख. गर्नुपर्ने कामहरूको सूची बनाउनुपर्छ

ग. भेटघाट पुस्तिकालाई राख्नुपर्छ ।

*समयमा पुग्नुहोस्*

घडीको आविष्कार गर्ने मानिसलाई स्राप दिने व्यक्तिहरू पनि त्यहाँ छन्; यस साधनले मानिसहरूलाई कमारो बनाएको छ भनी तिनीहरू विश्वास गर्छन् । फलस्वरुप, तिनीहरू जहाँ गए पनि सधैं ढीला आइपुग्छन् । अरूहरूले आफ्नो समयलाई संगठन गर्दैनन् र जसरी गरिनुपर्ने हो त्यसरी काम कुराहरू भएका हुँदैनन् ।

ढीला गर्ने बानी हामी ख्रीष्टमा आउनुभन्दा पहिलेको प्रवृत्तिको नतीजा हुनसक्छ । परमेश्वरसँग हाम्रो कारोवार मिलाउने प्रशस्त समय त्यहाँ छ भनी धेरै मानिसहरूले विश्वास गरेझैं, हामीले पनि विश्वास गरेका थियौं । तर परमेश्वरले समयमा नै काम गर्नुहुन्छ भनी महसूस गर्नु महत्त्वपूर्ण छ (गलाती ४:४; तीतस १:२-३) । येशूले पनि ठीक समयमा काम कुराहरू गर्न मन पराउनुभयो र उहाँका कुराहरू सुन्नेहरूले पनि त्यसै गरेका उहाँले चाहनुहुन्थ्यो (लूका २२:१४; यूहन्ना ७:६) ।

हाम्रो समयका कारिन्दाहरूका रूपमा, हामीले पनि ठीक समयमा काम कुराहरू गर्नुपर्छ र भेटघाट गर्नका लागि तोकिएको समयमा आइपुग्नुपर्छ । हामी अरूहरूप्रति विचारशील छौं भन्ने कुरा पनि यसले देखाउँछ । यदि हामीले कसैसँग

बिहान १०:०० बजे भेटघाट गर्ने समय तोकेका छौं भने १०:३० बजे पुगेर हामी अरूको आधा घण्टालाई किन बर्बाद गरिदिने ? जागिरदार ठीक समयमा काममा पुग्ने कोशिश गर्छ। ठीक समयमा सभा शुरु गर्ने र ठीक समयमा सिध्याउने किसिमको इच्छा हामी सबैसँग हुनुपर्छ।



*पर्खिरहँदाको समयलाई सदुपयोग गर्नुहोस्*

पर्खने कोठामा, काममा जाँदा बसको यात्रामा वा टाढा ठाउँमा जाँदा रेलको यात्रामा तपाईंले बिताउनु हुने समयको तपाईंले फाइदा उठाउनुपर्छ। तपाईं एउटा पुस्तक पढ्न सक्नुहुन्छ, तपाईंको पाठलाई अध्ययन गर्न सक्नुहुन्छ, तपाईंसँगै बसेका व्यक्तिलाई खीष्टको बारेमा साक्षी दिन सक्नुहुन्छ वा तपाईंलाई सुधार गर्ने केही थोकहरूका बारेमा विचार गर्न सक्नुहुन्छ। हुलाक टिकट किन्नका लागि वा बिल तिर्नका लागि यदि तपाईं लाइनमा उभिरहनुभएको छ भने पनि तपाईं यसो गर्न सक्नुहुन्छ।

९. तपाईंको पर्खाइको समयलाई सदुपयोग गर्ने केही तरीकाहरूलाई तपाईंको अभ्यास-पुस्तिकामा सूची बनाउनुहोस्।

## तपाईंका खूबीहरूलाई लगानी गर्नुहोस्

### खूबीहरूका बारेमा केही विचारहरू

उद्देश्य ४. *खूबीहरूका कारिन्दाका बारेमा मत्ती २५:१४-३० ले हामीलाई जे सिकाउँछ, त्यससँग मिल्ने बयानहरूलाई पहिचान गर्नुहोस्।*

पाठ २ मा हामीले भनेझैं, मत्ती २५:१४-३० मा येशूले हामीलाई सिकाउनुभएको छ कि हरेक व्यक्ति परमेश्वरको कारिन्दा हो। उहाँले दिनुभएको

दृष्टान्त तीन तत्वहरू मिलेर बनेको छ, जुन हुन्: क) मानिस वा मालिकले चाहिँ परमेश्वरको प्रतिनिधित्व गर्छ; ख) नोकर वा कारिन्दाले हरेक मानव प्राणीको प्रतिनिधित्व गर्छन्; र ग) सुनका सिक्काहरूले क्षमताहरू वा खूबीहरूलाई प्रतिनिधित्व गर्छन् ।

यस दृष्टान्तले चारवटा पाठहरू सिकाउँछ:

१. परमेश्वरले हरेक व्यक्तिलाई क्षमताहरू वा खूबीहरू दिनुहुन्छ । हरेक नोकरले केही सिक्का पाएको थियो ।

२. हरेक व्यक्ति भिन्नै हुन्छ । कोही व्यक्तिहरू अति सक्षम वा दक्ष हुन्छन् भनी हामी भन्न सक्छौं । प्रायःजसो अरूहरूचाहिँ सामान्य हुन्छन् अर्थात् उनीहरूमा सामान्य क्षमता हुन्छ । अनि अरूहरूचाहिँ त्यति सक्षम नहुन सक्छन् ।

३. आफ्नो योजनाअनुसार परमेश्वरद्वारा हरेक मानव प्राणीलाई दिइएका क्षमताहरूलाई उसले विकास गरेको परमेश्वरले चाहनुहुन्छ । हरेक नोकरले आफूलाई दिइएको रूपियाँलाई लगानी गर्नुपर्छ र यसरी मालिकलाई फाइदा हुन्छ ।

४. परमेश्वरले मानव प्राणीलाई दिनुभएका क्षमताहरूलाई उसले कसरी प्रयोग गरेको छ भन्ने कुराको हिसाब उसले परमेश्वरलाई दिनुपर्छ । रुपियाँ-पैसालाई लगानी गर्ने नोकरहरूलाई इनाम दिइएको थियो; त्यसो नगर्ने नोकरहरूलाई दण्ड दिइएको थियो ।

कोही व्यक्तिहरूसँग चित्र बनाउने विशेष खूबीहरू हुन्छन्, अरूहरूसँग संगीतका निम्ति तीखा कानहरू हुन्छन्, र अझै अरूहरूचाहिँ असल हस्तकलाकारहरू हुन्छन् । कोही मानिसहरू शिक्षकहरू हुनका लागि नै जन्मेका हुन्छन् जबकि अरूहरूसँगचाहिँ व्यापारको निम्ति राम्रो मगज हुन्छ; यदि हामीले प्रख्यात लेखकहरू, रचनाकारहरू, कविहरू, पेशेवारहरू र कलाकारहरूलाई उनीहरूका सफलताको रहस्य हामीलाई बताउनुहोस् भन्यौं भने, तिनीहरूमध्ये धेरैले यसो भन्नेछन्: “यसको एउटा भागचाहिँ अथक प्रयास हो; तर अर्कोचाहिँ परमेश्वरले दिनुभएको खूबीको कारण हो ।”

१०. मत्ती २५:१४-३० मा खूबीहरूका बारेमा येशूका शिक्षासँग मिल्ने प्रत्येक बयानको अगाडिको अक्षरमा घेरा लगाउनुहोस् ।

क. थोरै खूबी भएका मानिसहरू पनि धेरै खूबी भएका मानिसहरूले जतिकै लगानी गर्नका लागि जिम्मेवार छन् ।

ख. थोरै वा धेरै जति भए तापनि, हरेक व्यक्तिले आफ्ना खूबीहरूलाई विकास गर्नु आवश्यक छ ।

ग. अति थोरै मानिसहरूसँग मात्र क्षमता वा खूबीहरू छन् ।

घ. मानिसहरूले आफ्ना खूबीहरूलाई कसरी प्रयोग गरे भन्ने सम्बन्धमा परमेश्वरलाई हिसाब दिने वा नदिने कुराको निर्णय बनाउन उनीहरू स्वतन्त्र छन् ।

ङ. हरेक व्यक्तिसँग त्यति नै क्षमताहरू वा खूबीहरू हुन्छन् ।

११. मत्ती २५:१४-३० मा भएको दृष्टान्त तीनवटा तत्वहरूबाट बनेको हुन्छ, जसले केको प्रतिनिधित्व गर्छ ?

क. परमेश्वर, मानिस र नोकरहरू ।

ख. नोकरहरू, कारिन्दाहरू र मालिक ।

ग. परमेश्वर, हरेक व्यक्ति र खूबीहरू ।

घ. मालिक, सुनका सिक्काहरू र खूबीहरू ।

## तपाईंका लुकेका खूबीहरूलाई पत्ता लगाउनु

उद्देश्य ५. *पाठमा दिइएका कदमहरूलाई पछ्याई आफ्ना खूबीहरूलाई पत्ता लगाउने मानिसहरूका उदाहरणहरूलाई छान्नुहोस् ।*

आफूसँग कुनै किसिमको खूबी छैन भनी कोही मानिसहरूले विचार गर्छन् । प्रभुको निम्ति आफूले केही पनि गर्न सकिँदैन भन्ने कुरामा तिनीहरू बिलौना गर्छन् । तर येशूको शिक्षा अनुसार, पूर्णरूपमा असक्षम भएको कुनै व्यक्ति पनि त्यहाँ छैन, कमसेकम एउटा मात्र खूबी नपाएको व्यक्ति त्यहाँ छैन । यस विषयको सत्यताचाहिँ यो हो कि यी व्यक्तिहरूले आफूसँग भएका खूबीहरूलाई अझसम्म पत्ता लगाउन सकेका छैनन् । सम्भवतः तिनीहरूका खूबीहरू तिनीहरूभित्र लुकेका छन्, निष्क्रिय भएका छन् वा प्रयोग हुनका लागि पर्खिरहेका छन् । यदि तपाईं यस किसिमको व्यक्ति हुनुहुन्छजस्तो तपाईंलाई लाग्छ भने, तपाईंले यी तीन कदमहरू अपनाउनुहोस् भनी म सिफारिस गर्छु:

१. *प्रभुसँग माग्नुहोस् ।* तपाईंको जीवनको निम्ति परमेश्वरको योजना छ भन्ने तथ्यलाई तपाईंले पाठ ३ मा अध्ययन गरिसक्नुभएको छ। परमेश्वरको योजनालाई कार्यान्वयन गर्नका लागि आवश्यकीय खूबी परमेश्वरले तपाईंलाई दिनुभएको छ। ती खूबीहरू पत्ता लगाउनका लागि तपाईंलाई अगुवाइ र सहयोग गर्न उहाँसँग बिन्ती गर्नुहोस्, यसरी तपाईं यिनीहरूलाई उहाँको महिमाको निम्ति प्रयोग गर्न सक्नुहुनेछ।



आफूसँग कुनै खूबी छैन भन्ने सोचका कारण कुनै एउटी दिदी अति निराश थिइन्। तिनले आफ्नो समस्या प्रभुलाई प्रस्तुत गर्दा, आफूले अति मीठो केक बनाउन जानेको कुरा तिनले सम्झिन्। आफ्नो घरमा केटाकेटीहरूको सभा सञ्चालन गर्नका लागि तिनले एकजना बाल संगति शिक्षिकालाई निमन्त्रणा दिइन्। तब तिनले मीठो केक बनाइन् र त्यसपछि सर्वत पानी तयार गरेर त्यस भेलामा छिमेकका केटाकेटीहरूलाई बोलाइन्। ती केटाकेटीहरू त्यहाँ हुँदा शिक्षिकाले केही गीतहरू र बाइबलबाट एउटा कथा सिकाइन्। त्यो भेला अति नै सफल भयो र ती दिदीले आफ्नो खूबीलाई यस किसिमले प्रयोग गरिनै रहिन्। समय बित्दै जाँदा, ती दिदीको घर शहरको त्यस भागको निम्ति सुसमाचारीय केन्द्र बन्यो।

२. *आफ्नो वरिपरि हेर्नुहोस् ।* तपाईंले यसो गर्नुहुँदा, तपाईंको मण्डलीमा, तपाईंको छिमेकमा, तपाईंको शहरमा तपाईंले धेरै आवश्यकताहरू देख्नुहुन्छ। फलस्वरुप, भलाई गर्ने धेरै मौकाहरू तपाईंले देख्नुहुन्छ। हाम्रा खूबीहरू पत्ता लगाउनका लागि हामीलाई सहयोग गर्न र परमेश्वरका इच्छाअनुसार तिनीहरूलाई प्रयोग गर्नका लागि यी मौकाहरू परमेश्वरले प्रयोग गर्नुहुने तरीकाहरू मध्ये एक हुन्।

केटाकेटीहरूका बीचमा ठूला आवश्यकताहरू देखेका कारणले नै रबर्ट राइकसले पहिलो बाल संगति विद्यालय र रबर्ट बडेन-पोवेलले केटाहरूको स्काउट स्थापित गरेका थिए ।

३. नयाँ क्रियाकलापहरूलाई कोशिश गर्नुहोस् । मेरो देशमा यस्तो एउटा भनाइ छ: "जोखिम नउठाउनेले नदी तर्न सक्दैन ।" केही भिन्नै कुरा गर्ने क्षमता आफूमा भएको वा नभएको हेर्नका लागि तपाईंले जोखिमसाथ कोशिश गर्नुपर्ने हुन्छ । असी वर्षभन्दा बढी उमेर भएकी एक वृद्धा स्त्रीले आफ्नो मनोरञ्जनको निम्ति तेल-रङ्ग भर्न सिकिन् । तिनको चित्रकलाको कारण तिनी विश्व-प्रख्यात बन्छिन् भन्ने कुरा तिनले कहिल्यै कल्पना गरेकी थिइनन् । आफ्नो निष्क्रिय खूबीलाई बोकेर तिनले कति वर्ष त्यसै बिताइन् ! मेरो आफ्नै अनुभवमा, यो पाठ्यपुस्तक लेख्नका लागि आउन मैले नदी होइन तर समुद्र तर्ने जोखिम उठाउनु परेको थियो । शिक्षणलाई सधैं म मनपराउँथें, तर मैले पुस्तक लेखुँला भनेर बीस वर्ष पहिले मैले कहिल्यै विचार गरेको थिइनँ ।

के कुनै क्रियाकलापमा तपाईंको विशेष चासो छ ? हेर्नुहोस् ! हुनसक्छ, यसको निम्ति परमेश्वरले तपाईंलाई खूबी दिनुभएको होला ।

१२. पाठमा दिइएका कदमहरू पछ्याई आफ्ना खूबीहरू पत्ता लगाउने व्यक्तिको विवरणको अगाडिको अक्षरमा घेरा लगाउनुहोस् ।

क. प्रभुको निम्ति आफूले प्रयोग गर्न सक्ने कुनै किसिमको खूबी आफूमा छ जस्तो जिमलाई लाग्दैन । तर उनले यस बारेमा प्रार्थना गर्दा, आफूले राम्रोसँग भवन मर्मत गर्नसक्ने कुरालाई उनी स्मरण गर्छन् । उनको मण्डली भवनमा आवश्यक परेको केही मर्मत गर्न उनी राजी हुन्छन् ।

ख. मरियमलाई संगीत असाध्यै मनपर्छ र यसको निम्ति आफूमा खूबी छ कि भन्ने सम्बन्धमा उनलाई अचम्म लाग्छ । बाल संगतिमा संगीतमा अगुवाइ गर्नका लागि सहयोग गरिदिन मण्डलीका एकजना अगुवाले उनीसँग बिन्ती गर्छन् । अरूहरूका सामु आफूले भूल गरिन्छ कि भन्ने डरको कारण, अगुवाइ गर्नका लागि मरियम असहमत हुन्छिन् ।

ग. १२ देखि १५ वर्ष उमेरका केटाहरूको निम्ति आफ्नो मण्डलीमा बाल संगति नभएको कुरा मर्कूसले देख्छन् । यस बारेमा उनी आफ्ना पास्टरसँग कुराकानी

गर्छन्, र तिनीहरूका निम्ति उनले कक्षा शुरु गर्न सक्छन् भनी निर्णय गरिन्छ। छिट्टै नै धेरै केटाहरू नयाँ कक्षामा हाजिर हुन थाल्छन्।

१३. हुनसक्छ, तपाईंसँग लुकेका केही खूबीहरू छन्। ती के होलान् भनी के तपाईंले कहिल्यै पत्ता लगाउने कोशिश गर्नुभएको छ? आफ्नो अभ्यास पुस्तिकामा तलका प्रश्नहरूका उत्तर दिनुहोस्:

क. परमेश्वरले मलाई दिनुभएका क्षमता वा खूबीहरू पत्ता लगाउनमा मलाई अगुवाइ गर्नका लागि के मैले परमेश्वरसँग प्रार्थना गरेको छु?

ख. मेरो मण्डली, छिमेक वा शहरमा मेरा वरिपरि भएका केही आवश्यकताहरू के के हुन्? के भलाई गर्नका लागि त्यहाँ मौकाहरू छन्?

ग. मैले गर्न कोशिश गर्दा जोखिम उठाउनु पर्ने कुनचाहिँ नयाँ क्रियाकलापहरूमा मेरो चासो छ?

## तपाईंका खूबीहरूलाई विकास गर्नु

उद्देश्य ६. *आफ्ना खूबीहरूलाई विकास वा समर्पण गर्नका लागि एक व्यक्तिको निम्ति यसको अर्थ के हुन्छ यसलाई व्याख्या गर्ने बयानहरूलाई पहिचान गर्नुहोस्।*

## विकास आवश्यक छ

हरेकसँग केही कुराहरू गर्ने स्वाभाविक खूबी हुन्छ; यदि कुनै व्यक्तिले यसमा लगानी गरेन वा यसलाई विकास गरेन भने, यो गुम्न सक्छ (मत्ती २५:२८)। कामैनलाग्ने नोकरसँग केही खूबीहरू थिए, त्यसैकारण उसका मालिकले सुनका केही सिक्का उसको जिम्मामा सुम्पेका थिए। तपाईंसँग पनि केही खूबीहरू छन् जसलाई परमेश्वरले तपाईंको जिम्मामा सुम्पनुभएको छ र त्यसलाई तपाईंले विकास गरेको उहाँले चाहनुहुन्छ।

*विकास सम्भव छ*

तपाईं दुइ तहमा आफ्ना खूबीहरूलाई विकास गर्न सक्नुहुन्छ। पहिलोचाहिँ, तपाईंले सिक्न चाहनुभएको कुरालाई राम्रोसँग गर्न सक्ने व्यक्तिहरूलाई ध्यानपूर्वक अवलोकन गरेर र तिनीहरूबाट सुनेर र तिनीहरूलाई अनुशरण गरी अभ्यास

गरेर । सबै थोकहरू जानेर कोही पनि जन्मेको थिएन, तर धेरै थोकहरू सिक्ने खूबीका साथ हामी सबै जन्मेका हौं । यी धेरै थोकहरूमध्ये पहिलोचाहिँ हिँड्नु र बोल्नु हो । अनि त्यसलाई कसरी गर्ने भन्ने कुरा हामीले सिक्यौं, के सिकेनौं र ? अनि यदि तपाईंसँग केही गर्ने खूबी छ भने यही साधारण तरीकाद्वारा कसरी गर्ने भन्ने कुरा तपाईं सिक्न सक्नुहुन्छ । के तपाईं सिकाउनका लागि सिक्न चाहनुहुन्छ ? असल शिक्षकलाई सुन्नुहोस् र अनुसरण गर्नुहोस् । कुनै बाजा कसरी बजाउनुपर्छ भनी के तपाईं सिक्न चाहनुहुन्छ, संगीतलाई कसरी पढ्ने भन्ने कुरा नजानीकन नै तपाईं यो गर्न सक्नुहुन्छ ! यदि तपाईंको राम्रोसँग सुन्ने कान छ भने, असल संगीतकारले कसरी बजाउँछ भनी तपाईंले ध्यानसँग अवलोकन गर्ने, उनका केही निर्देशनहरूलाई सुन्ने र त्यसपछि घरिघरि अभ्यास गरिरहने गर्नाले तपाईं सिक्न सक्नुहुन्छ । तपाईंले शुरुमा बजाउनुभएको बाजा राम्रो सुनिएन भने पनि निराश नहुनुहोस् । अभ्यास गरिरहनुहोस्; समयमा तपाईं दक्ष बन्नुहुनेछ ।

तपाईंका खूबीहरूलाई विकास गर्नमा दोस्रो तहचाहिँ त्यस विषयमा तालिम लिनु हो, यसरी तपाईंले अभ्यास गरिरहनुभएको कुरामा अझै ज्ञान र सीप हासिल गर्नका लागि यसले तपाईंलाई मद्दत गर्छ । पहिले कुनै पनि अभ्यास नगरिकन नै तपाईंले तालिम शुरु गर्न चाहनुभएको हुनसक्छ । यस अवस्थामा म यस कुरालाई मात्र उल्लेख गर्न चाहन्छु कि यदि तपाईंले सिक्नुभएको कुरालाई तपाईंले प्रयोग गर्नुभएन भने तपाईंका खूबीहरूलाई विकास गर्नमा सहयोग पुऱ्याउनुको अति थोरै महत्त्व हुन्छ । शुरुमा तपाईंले आफ्नो एउटा औंलामा हिर्काउनु भए तापनि घनलाई ठोकेर नै तपाईंले घन हान्न सिक्नुहुन्छ !

१४. उनका खूबीहरू विकास गर्नका लागि उनको निम्ति किन महत्त्वपूर्ण छ भनी यदि तपाईंले कुनै मित्रलाई व्याख्या गरिदिन चाहनुभयो भने, बाँड्नका लागि बाइबलको कुनचाहिँ खण्ड सबैभन्दा उत्तम हुन्छ होला ?

क. प्रस्थान ३१:१-११

ख. मत्ती २५:२८

ग. १ पत्रुस ४:१०

## तपाईंका खूबीहरूलाई अर्पण गर्नु

परमेश्वरले आफूलाई दिनुभएका खूबीहरूलाई कोहीकोहीले खराब कामलाई बढाउनको निम्ति प्रयोग गर्छन् । अरूहरूले आफ्नो स्वार्थ-पूर्तिको लागि ती प्रयोग गर्छन् । तर प्रभुको सेवामा प्रयोग गर्नका लागि ती खूबीहरूलाई उहाँकहाँ समर्पण गर्नेहरू कति धेरै अनन्दित व्यक्तिहरू हुन् ! के परमेश्वरले तपाईंलाई सुन्दर आवाज दिनुभएको छ ? उहाँको महिमाको निम्ति यसलाई प्रयोग गर्नुहोस् । के तपाईं सिकर्मी वा डकर्मी हुनुहुन्छ ? यदि तपाईंको यो खूबीलाई परमेश्वरमा अर्पण गरिएको छ भने मण्डली भवन निर्माण वा मर्मतमा यो आशिषित प्रमाणित हुनसक्छ ।

१५. तपाईंले परमेश्वरलाई अर्पण गर्न चाहनुहुने केही खूबीहरू के के हुन् ?

....................................................................................................

आफ्नो देशका बसहरूमा विभिन्न किसिमका विज्ञापनहरू गरिएको, तर खीष्ट वा मण्डलीको बारेमा चाहिँ केही पनि उल्लेख नभएको कुरा एक जवान व्यक्तिले ख्याल गरे । परमेश्वर आफैले उनलाई दिनुभएको खूबी परमेश्वरको निम्ति प्रयोग गर्नका लागि यसले उनलाई निर्णय गर्न लगायो । यसैले उनले बसहरूमा राख्नका लागि सुसमाचारीय तुलहरू बनाए । समय बित्दै जाँदा, यसै कामको निम्ति उनले आफूलाई सम्पूर्ण रूपमा अर्पण गरे । आज उनले ठूलो व्यापारलाई निर्देशन गर्छन् र संसारका विभिन्न भागहरूमा लेखिएका यी हजारौं साइनबोर्डहरूलाई वितरण गरिन्छ ।

डोरकासको उदाहरणले प्रभुका काममा आफ्ना खूबीहरूलाई अर्पण गर्न हजारौं खीष्टियान स्त्रीहरूलाई प्रेरणा दिएको छ । तिनीहरूका हातहरू र तिनीहरूका सियो र धागोले परमेश्वरको राज्यको विस्तार गर्न र अरूहरूलाई भलाई गर्नका लागि सेवा पुऱ्याएको छ । परमेश्वरले हामीलाई दिनुभएका खूबीहरूलाई हामीले यसरी प्रयोग गरेको उहाँले चाहनुहुन्छ (१ पत्रुस ४:१०) ।

आफ्ना खूबीहरूलाई परमेश्वरकहाँ समर्पण गर्नेहरूलाई परमेश्वरले विशेष क्षमता दिनुहुन्छ । उहाँका निम्ति गरिएका तिनीहरूका काममा उहाँले तिनीहरूलाई अलौकिक बुद्धि र सीप दिन सक्नुहुन्छ । परमेश्वरले दुइ इस्राएली कारीगरलाई

आफ्ना आत्माले भर्नुभएको कुरालाई प्रस्थान ३१:१-११ र ३५:३०-३६:१ मा हेर्नुहोस् । यदि तपाईंले प्रभुसँग माग्नुभयो भने, यही किसिममा तपाईं पनि आशिषित हुन सक्नुहुनेछ ।

१६. यान्त्रिक थोकहरू मर्मत गर्ने आफ्नो क्षमतालाई सामचाहिँ परमेश्वरमा अर्पण गर्न चाहन्छन् । यसको अर्थ

क. यान्त्रिक थोकहरू मर्मत गर्नमा सामले तालिम लिनुपर्छ ।

ख. सामले मर्मत गर्ने कामलाई अभ्यास गर्नुपर्छ ।

ग. परमेश्वरलाई आदर दिने किसिममा सामले आफ्नो क्षमतालाई प्रयोग गर्नुपर्छ ।

## स्वयम्-जाँच

१. यदि जर्जको समयका मालिक परमेश्वर नै हुनुहुन्छ भनी उनी विश्वास गर्छन् भने

क. असल हिसाब दिनुपर्ने झैं गरी उनले आफ्नो सबै समयलाई राम्रोसँग प्रयोग गर्छन् ।

ख. परमेश्वरलाई दिनका लागि आफ्ना अन्तिम वर्षहरूलाई सञ्चय गर्नका लागि ध्यान दिन्छन् ।

ग. आफ्नो समयको बारेमा तिनले सरोकार राख्दैनन्, किनकि समय परमेश्वरको नै हो ।

२. हाम्रो समय अरू सम्पत्तिजस्तो होइन किनकि

क. हामीसँग यसको असीमित आपुर्ति छ ।

ख. यसको निम्ति हामी प्रत्यक्ष जिम्मेवार हुँदैनौं ।

ग. यसलाई हामी के गर्छौं भन्ने सम्बन्धमा परमेश्वरले ठूलो चासो राख्नुहुन्छ ।

घ. हामी अझ धेरै किन्न पनि सक्दैनौं र हाम्रो भएको बेच्न पनि सक्दैनौं ।

३. बायाँपट्टिको प्रत्येक क्रियाकलापसँग यसलाई प्रतिनिधित्व गर्ने दायाँपट्टिको जिम्मेवारीलाई जोडा मिलाउनुहोस् । क्रियाकलापको अगाडि जिम्मेवारीको सख्या लेख्नुहोस् ।

| | |
|---|---|
| ....क. तपाईंकी छोरीसँग कुराकानी गर्नु | १) परमेश्वरको निम्ति समय |
| ....ख. आराधना सेवामा भाग लिनु | २) अरूहरूका निम्ति समय |
| ....ग. केटाकेटीहरूलाई बाहिर घुम्न लैजानु | ३) तपाईं आफ्नै निम्ति समय |
| ....घ. तपाईंको बाइबल पढ्नु र प्रार्थना गर्नु | |
| ....ङ. तपाईंकी पत्नी वा तपाईंका पतिसँग समस्याको छलफल गर्नु | |
| ....च. मनोरञ्जनको निम्ति समय छुट्ट्याउनु | |
| ....छ. भविष्यका निम्ति योजनाहरू बनाउनु | |
| ....ज. बिरामी भएको साथीलाई भेट्नु | |

४. तल बायाँपट्टि समस्याहरूको सूची छ। दायाँपट्टि दिइएको तरीकामा यदि कुनै व्यक्तिले आफ्नो समयलाई संगठन गर्‍यो भने ती समस्याहरू समाधान हुन सक्छन्। प्रत्येक समस्यालाई समाधान गर्नसक्ने तरीकाको अगाडि उपयुक्त समाधान तरीकाको अङ्क लेख्नुहोस्।

| | |
|---|---|
| ... क. निस्सी मण्डलीमा जानै लागेकी बेलामा तिनका साथी तिनलाई भेट्न आउँछन्। | १) भेटघाट पुस्तिका राख्ने |
| ... ख. एकै समयमा दुइवटा मण्डलीमा आफूले प्रचार गर्नुपर्ने कुरा जोहनले महसूस गर्छन् | २) दैनिक समय-तालिका राख्ने |
| .... ग. आफूले बिर्सेकी हुलाक टिकट किन्नका लागि मरियम फेरि शहरमा जान्छिन्। | ३) गर्नुपर्ने कामको सूची बनाउने |
| ... घ. बिल तिर्नका लागि अन्तिम दिनसम्म पर्खने मानिसहरूसँगको लामो लाइनमा टम पनि उभिन्छन्। | |
| ... ङ. मण्डली सेवामा आफूले गीतमा अगुवाइ गर्नुपर्ने कुरालाई सन्तोषले बिर्सन्छन्। | |

५. मत्ती २५:१४-३० मा भएको दृष्टान्तले हामीलाई बताउँछ कि नोकरहरूले आफ्नो लगानीको हिसाव आफ्ना मालिकलाई दिनुपर्छ। यसको अर्थ यही हुन्छ कि

क. एक व्यक्तिका खूबीहरू वास्तवमा परमेश्वरका नै हुन्, र उसले ती कसरी प्रयोग गर्‍यो सो उसले परमेश्वरलाई बताउनै पर्छ।

ख. यो दृष्टान्त, आफ्नो काम आफै गर्नेसँग होइन तर नोकरहरूसँग सम्बन्धित छ।

ग. मालिकले एक व्यक्तिका आमा-बाबु वा मण्डली अगुवाहरूको प्रतिनिधित्व गर्छ।

६. जेनले शिक्षणको आफ्नो खूबीलाई लगानी गर्न चाहन्छिन्। यसको अर्थ यही हुन्छ कि

क. आफ्ना खूबीहरू के हुन् भनी जान्नका लागि तिनले परमेश्वरसँग प्रार्थना गर्नुपर्छ।

ख. आफ्ना खूबीहरू यति नै हुन् भनी जानेर तिनले यसलाई ध्यानपूर्वक सुरक्षा गर्नुपर्छ ।

ग. तिनले शिक्षणका बारेमा सिक्नुपर्छ र सिकेका कुरालाई अभ्यास गर्नुपर्छ ।

पाठ ७ लाई तपाईंले अध्ययन गर्नुभन्दा पहिले एकाइ २ को निम्ति तपाईंको विद्यार्थी प्रतिवेदनलाई पूरा गर्नुहोस् र उत्तर पृष्ठलाई तपाईंका ग्लोबल युनिभर्सिटी निर्देशककहाँ पठाउनुहोस् ।

## अध्ययन प्रश्नहरूका उत्तरहरू

९. तपाईंको उत्तर ।

१) ख) एक व्यक्तिको समय परमेश्वरद्वारा उसलाई दिइएको हुनाले, उसले यसलाई कसरी प्रयोग गऱ्यो भन्ने कुराको हिसाब उसले परमेश्वरलाई दिनुपर्छ ।

१०. क) र ख) बयानहरू उचित छन्; अरू तीनवटाचाहिँ त्यस्ता छैनन् ।

२ ग) एउटा सम्पत्ति जसको प्रबन्ध गर्नका लागि परमेश्वरले हामीलाई अनुमति दिनुहुन्छ ।

११) ग) परमेश्वर, हरेक व्यक्ति र खूबीहरू । पाठले उल्लेख गरेझैं तीन तत्वहरूचाहिँ मालिक, कारिन्दाहरू र सुनका सिक्काहरू हुन् । तिनीहरूले परमेश्वर, हरेक व्यक्ति र खूबीहरूलाई प्रतिनिधित्व गर्छन् । तिनीहरू जे कुराका लागि खडा छन् तीसँग तीनवटा तत्त्वहरूलाई अलमलमा नपार्नुहोस् ।

३. तपाईंको उत्तर । प्रार्थना र परमेश्वरको वचन अध्ययन गर्नका लागि हरेक दिन नियमित समय छुट्ट्याउनुपर्ने आवश्यकतालाई सम्भवतः तपाईंले उललेख गर्नुभएको होला ।

१२) क) जिम र ग) मर्कूस । पाठमा दिइएको कुचाहिँ सुझावलाई मरियमले पछ्याइन् भने उपयोगी हुन्छ जस्तो तपाईंलाई लाग्छ ?

४. तपाईंको उत्तर । के तपाईंले महत्त्वपूर्ण भएको कुनै व्यक्ति वा क्रियाकलापलाई छोड्नुभयो ?

१३. यी प्रश्नहरूका उत्तरहरू दिनका लागि तपाईंले केही गम्भीर विचारहरू व्यक्त गर्नुभयो होला भन्ने सम्बन्धमा म आशावादी छु ! ती तपाईंमा थिए भनी तपाईंले महसूस नगर्नुभएका खूबीहरूलाई पत्ता लगाउन यी उत्तरहरूले तपाईंलाई अगुवाइ गर्न सक्छन् । सम्भवतः तपाईंले आफ्ना वरिपरि भएका केही खाँचोलाई पूरा गर्न सहयोग गर्न सक्नुहुन्छ ।

५. तपाईंको उत्तर । गर्नका लागि तपाईंले प्रतिज्ञा गर्नुभएका कुराहरूलाई के तपाईंले लेख्नुभएको छ ? अरू जिम्मेवारीहरूका निम्ति पनि के तपाईंले समय छुट्ट्याउनु पर्छ ? यदि यसो हो भने, तिनीहरूका निम्ति समय छुट्ट्याउनुहोस् र तिनीहरूलाई पनि लेख्नुहोस् ।

१४) ख) मत्ती २५:२८ । यदि एक व्यक्तिले आफ्नो खूबीलाई विकास वा लगानी गरेन भने उसले यसलाई गुमाउन सम्भव छ भन्ने कुरा हामी यस पदबाट सिक्न सक्छौं । प्रस्थान ३१:१-११ ले परमेश्वरले मानिसहरूलाई दिनुभएको विशेष सीपको बारेमा बताउँछ भने १ पत्रुस ४:१० ले खूबीहरूलाई कसरी प्रयोग गरिनुपर्छ भन्ने बारेमा बताउँछ ।

६) तपाईंको उत्तर । प्रभुको निम्ति, तपाईंको परिवार र अरूहरूका निम्ति, तपाईंको आफ्नै निम्ति समय छुट्ट्याउनु पर्ने कुरालाई के तपाईंले याद गर्नुभएको छ ?

१५ तपाईंको उत्तर ।

७. तपाईंको उत्तर । अनावश्यकीय रूपमा यात्रा नगर्नका लागि के तपाईंले कुनै तरीकाहरूलाई पत्ता लगाउनुभएको छ ? तुरुन्तै गरिहाल्नुपर्ने केही महत्त्वपूर्ण कुराहरूलाई के तपाईं देख्नुहुन्छ ?

१६) ग) परमेश्वरलाई आदर दिने किसिममा सामले आफ्नो क्षमतालाई प्रयोग गर्नुपर्छ ।

८) ग) भेटघाट पुस्तिकालाई राख्नुपर्छ । आफ्नो छोरालाई कहिले बाहिर घुमाउन लैजाने हो जिमले सो कुरा लेख्नुपर्छ । आफ्नो भेटघाट पुस्तिकामा हेरेर बाइबल अध्ययनको निम्ति आफ्ना मित्रसँग अरू नै बेलामा भेट्ने निर्णय उनले गर्नुपर्छ ।

# एकाइ तीन

# कारिन्दापन र हाम्रा जिम्मेवारीहरू

